# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मितिः २०७७।०५।०१ गते

# प्रेस विज्ञप्ति

**विषयः नियन्त्रणमा लिइएको ।**

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग, बबरमहल काठमाडौंका नायब सुब्बा शिव शंकर महतोले फर्मको दर्ता प्रमाण-पत्रसँग सम्बन्धित काम लिई आएका सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज शिव शंकर महतोलाई सेवाग्राहीबाट रु. १०,०००।— (दश हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा निजकै कार्यकक्षबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रवक्ता
तारानाथ अधिकारी